नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २६२ २०८३ साल जेठ १३ गते बुधबार (27 May 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : गणतन्त्रात्मक शासन ... ३ पृष्ठमा : नेपाली सेना स्वास्थ्य विज्ञान ... ३ पृष्ठमा : पाकिस्तानद्वारा ट्रम्पको ...

# न्यायका लागि अदालतै अगाडी धर्ना

**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ ।**

न्याय पाउन नसकेको भन्दै एक पीडित अदालतकै अगाडी मंगलबार धर्ना बस्न बाध्य भएका छन् ।

सिरहा नगरपालिका वडा नं. २० घर भएका ५८ सूर्यनारायण महतो आफ्नो एक जना नातेदारसहित मंगलबार राजविराजस्थित उच्च अदालत जनकपुर-राजविराज इजलाश अगाडी धर्नामा बसेका हुन् ।

आफ्नै दाजु सत्यानारायणले कीर्ते गरि जग्गा हड्पने प्रयास गरेको र आदलतबाट समेत न्याय पाउन नसकेको सूर्यनारायणले बताएका छन् । उनले बुबा देवी महतोको नाममा रहेको जग्गा कीर्ते गरि दाजु सत्यनारायणले हड्पन खोजेको तथा सो बारे उच्च अदालत जनकपुर-राजविराज इजलाशमा प्रमाणसहित दिएको कीर्ते जालसाज मुद्दा उपर मंगलबार नै सुनुवाइ हुँदा दाबी नपुगेको भनी ठहर गरेपछी आफू अन्यायमा परेको दुखेसो पोखे ।

उनले लेखापढी व्यवसायमा संलग्न दाजु सत्यनारायण लहानस्थित मालपोत कार्यालयका तत्कालिन प्रमुख दशरथ यादव तथा मोठ/श्रेस्ता फाँटका कर्मचारी विष्णुकुमार सिंहको मिलोमतोमा २२ कठ्ठा जग्गा हडपन लागेको दाबी गरेका छन् ।




सिरहा नगरपालिका २० घर भएका ५८ सूर्यनारायण महतो (बायाँ) आफ्नो नातेदारसहित मंगलबार जनकपुर-राजविराज इजलाश अगाडी धर्ना दिदै । ***तस्बिर : राजविराज दैनिक***

उनले बुबाको निधन भएको करिब १५ वर्ष बितिसकेको भएपनि अहिले बुबाकै कीर्ते हस्ताक्षर गरिएको कागजातको आधारमा जग्गा हड्पन लागेको बताएका छन् ।

उनले यसअघि पनि दाजु सत्यानारायणले कीर्ते कागजातकै आधारमा करिब २२ कठ्ठा जग्गा आफ्नो नाममा रजिष्ट्रशन पास गराइसकेको जानकारी समेत दिए ।

उनले कतैबाट न्याय नपाएपछी न्यायलय गुहार्न पुगेको तर यहाँबाट पनि न्याय पाउन नसकेपछी धर्नामा बसेको सुनाए । उनले न्याय नपाएसम्म धर्ना जारि राख्ने अडान राखेका छन् ।

# भरुवा बन्दुकसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, १२ जेठ ।**

सर्लाहीको बरहथवा नगरपालिकामा भरुवा बन्दुकसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बागमती नगरपालिका वडा नं. २ सुकुमवासी टोल बस्ने ३८ वर्षीय बुद्धीमान घलान रहेका छन् ।

प्रहरीका अनुसार सोमबार बरहथवा नगरपालिका-१२ स्थित लौकट टोलमा केही अपरिचित व्यक्तिहरू भरुवा बन्दुकसहित हिँडडुल गरिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बरहथवा र इलाका प्रहरी कार्यालय हिरापुरबाट खटिएको संयुक्त टोलीले खोजतलास सुरु गरेको थियो ।

खोजतलासका क्रममा ४ जनाको समूहमा रहेका मानिसहरूले प्रहरी टोलीलाई देख्नेबित्तिकै भाग्ने प्रयास गरेका थिए । भाग्ने क्रममा प्रहरीले बुद्धीमान घलानलाई नियन्त्रणमा लिन सफल भए पनि अन्य व्यक्तिहरू भने फरार भएका छन् ।

***बाँकी अन्तिम पृष्ठमा***

# भारोत्तोलनमा एकपछी अर्को नयाँ राष्ट्रिय किर्तिमान बन्दै




**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ ।**

राजविराजमा जारि राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा दिनैपिछै एकपछी अर्को किर्तिमान बन्दै गएको छ ।

मंगलबार ६० किलो तौल समूहमा सप्तरीका रामकुमार यादव स्न्याचमा ९२ किलो तौल उचालेर नयाँ राष्ट्रिय किर्तिमान बनाएका हुन् ।

यस्तै महिलातर्फ सप्तरीकै सन्तोषी यादवले ६३ किलो तौल समूहमा क्लिन एण्ड जर्कमा ८० किलो तौल उचालेर नयाँ राष्ट्रिय किर्तिमान कायम गरेकी छिन् । ६९ किलो तौल समूह महिलातर्फ नेपाली सेनाका कमला श्रेष्ठले स्न्याचमा ६९ किलो तथा सोही तौल समूहमा नेपाल प्रहरीकी पुजा कुमाल क्लिन एण्ड जर्कमा ८५ र कुल १ सय ५४ किलो उचालेर नयाँ राष्ट्रिय किर्तिमान बनाएकी छिन् ।

७७ किलो तौल समूहमा कास्कीकी सरस्वती गुरुङले स्न्याचमा ६३ किलो तथा क्लिन एण्ड जर्कमा ७९ किलो गरी

***बाँकी अन्तिम पृष्ठमा***

# जसपाले एक महिना अन्तरक्रिया तथा पार्टी सुदृढीकरण अभियान सञ्चालन गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ ।**

जनता समाजवादी पार्टी नेपालले पार्टी समायोजनलाई पूर्णता दिनका लागि एक महिना अन्तरक्रिया तथा पार्टी सुदृढीकरण अभियान सञ्चालन गर्ने भएको छ ।

पार्टी समायोजनका लागि प्रत्येक जिल्लामा बृहत् पार्टी बैठक गरी समायोजनको कार्यलाई अगाडि बढाउने अभियान सञ्चालन गर्ने निर्णय भएको सो पार्टीका केन्द्रीय सदस्य शैलेन्द्र साहले बताए ।

तीन दिनसम्म चलेको पार्टीको बैठकले सो निर्णय गरेको हो । त्यसका लागि प्रत्येक जिल्लामा जिम्मेवारी तोकेको छ ।

केही समय पहिले जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक पार्टी नेपालबिच एकता भएको थियो । दुवै पार्टीबिच एकता भएपनि हालसम्म केन्द्रीय समितिलगायत, अन्य समिति तथा भातृ सङ्गठनहरू अझै समायोजन भएको छैन । बैठकले समायोजनलाई तीव्रता दिने निर्णय गरेको छ ।

हाललाई दुवै पार्टीमा रहेको केन्द्रीय समितिलाई समायोजन गरेर एउटा केन्द्रीय समिति बनाउने निर्णय गरेको छ । केन्द्रीय समितिमा रहेर निष्क्रिय छन्, चुनावमा अन्तर्घात गरे, पार्टी छाडेर गएका छन् त्यस्ता व्यक्तिहरूलाई पार्टीबाट निष्कासन गरेर दुई पार्टीको केन्द्रीय समितिलाई समायोजन गर्ने निर्णय भएको नेता साहले बताए ।

केन्द्रीय समिति बनाउनका लागि एउटा कार्यदल समेत बनाएको छ । सो कार्यदलले समायोजनको कार्यविधि बनाएर समायोजनको कामलाई अगाडि बढाउने निर्णय बैठकले गरेको छ ।

प्रत्येक जिल्लामा स्थानीय तहमा जितेका पार्टीका जनप्रतिनिधिको भेला बोलाउने निर्णय समेत बैठकले गरेको छ । नीति तथा कार्यक्रम एवं बजेट बनाउने समय रहेको छ । त्यसका लागि जनप्रतिनिधिहरूलाई भेला गरेर दिशा निर्देश गर्ने बताइएको छ । यो भेला यही जेठ महिनाभित्र सकिनुपर्ने निर्णय पार्टीले गरेको छ ।

त्यस्तै गत प्रतिनिधि सभा चुनावमा भाग लिएका उम्मेदवारहरूको पनि एउटा भेला बोलाउने निर्णय भएको छ । सो भेला प्रदेशस्तरीय हुने बताइएको छ । भेलाले चुनावको समीक्षा गर्नुको साथै अगामी चुनावको तयारीको बारेमा पनि छलफल गर्ने बताइएको छ ।

पार्टी एकता तथा कार्यगत एकताका लागि वार्ता गर्न पार्टीका नेता रकम चेम्जोङको नेतृत्वमा वार्ता समिति गठन गरेको छ । सो समितिमा डा.सरेन्द्र झा र रेणु यादवलाई राखिएको छ ।

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# परराष्ट्रमन्त्रीद्वारा 'मोफा मित्र' मोबाइल एपमार्फत कन्सुलर सेवा लिन आग्रह

काठमाडौँ, १२ जेठ (रासस) ।

परराष्ट्रमन्त्री शिशिर खनालले विदेशमा रहेका नेपालीलाई 'मोफा मित्र' मोबाइल एपमार्फत कन्सुलर सेवा लिन आग्रह गर्नुभएको छ ।कन्सुलर सेवा विभागले मंगलबार यहाँ आयोजना गरेको 'मोफा मित्र' मोबाइल एप शुभारम्भ कार्यक्रममा उहाँले सार्वजनिक सेवालाई थप सहज र नागरिकमैत्री बनाउन उक्त एप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।

"विदेशमा काम गर्न जानेहरू गएको देशका नियम, कानुनका विषयमा जानकारी नहुने भएकाले कन्सुलर सेवाको काम बढेको छ," उहाँले भन्नुभयो, "विदेशमा रहेकाका आफन्तलाई कुनै जानकारी दिन पनि यो सेवा सहयोगी हुने छ ।"

यो सेवा ७७ वटै जिल्ला प्रशासन कार्यालय, विदेशस्थित सबै कूटनीतिक नियोगमा पनि पुगिसकेको छ । कानुनी सेवा अहिले ५०० स्थानीय तहमा पुगिसकेको जानकारी पनि कार्यक्रममा गराइएको थियो । आगामी आर्थिक वर्षमा यो सेवा सबै स्थानीय तहमा लैजाने कार्यक्रम रहेको मन्त्री खनालले बताउनुभयो ।

'मोफा मित्र' मोबाइल एपबाट सहजरूपमा अनलाइन निवेदन दिन सकिने व्यवस्था गरिएको छ । यसबाट सम्बन्धित नियोगबाट थप सहयोग लिन सकिने व्यवस्था एपमा गरिएको छ । प्रविधिमार्फत् सेवाको पहुँच बढाउने लक्ष्यअनुसार सुरु गरिएको सेवामा प्रविधिमा विकास आएसँगै विस्तार गर्दै जाने पनि उहाँको प्रतिबद्धता छ ।

अनौपचारिक रूपमा भारतमा रहेका नेपाली बाहेक विधिवत् रूपमै ५० लाख नेपाली विभिन्न सेवामा विदेशिएका छन् । अप्ठ्यारो परेका विषयमा मोबाइल एप डाउनलोड गरेर गुनासो पनि राख्न सकिने छ ।

विभागका महानिर्देशक दुरपदा सापकोटाले विदेशमा रहेका नेपालीको हक हितको संरक्षण र अप्ठ्यारो परेका बेला सहयोग लिन एप प्रयोग हुने बताउनुभयो । एप र मोबाइल प्रणालीमा लिङ्क गरिएको पनि उहाँले सुनाउनुभयो । शव व्यवस्थापन, क्षतिपूर्ति, बीमा दावीलगायत विषयका लागि एपबाट सहज हुने विश्वास गरिएको छ । विदेश जाने नेपालीको सङ्ख्या बढिरहेकाले यो एप प्रभावकारी हुनेछ ।

विभागका सूचना प्रविधि अधिकृत नवीनकुमार झाले विदेशमा भएका नेपाली नागरिक लक्षित मोबाइल एप आएको बताउनुभयो । यसबाट सोधपुछ, उद्धार, गुनासो, शव व्यवस्थापनलगायत सेवा लिन सकिने बताउनुभयो । मोबाइल एपबाट अपडेट गरेपछि सेवा लिनुपर्ने सम्बन्धित नियोगमै जाने गरी व्यवस्था मिलाइएको पनि सूचना प्रविधि अधिकृत झाले बताउनुभयो । एपबाट निवेदन गरेपछि के के हुन्छ, मोबाइलबाट हेर्न सकिने गरी व्यवस्था गरिएको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा

**श्यामप्रसाद मैनाली**

काठमाडौँ, १२ जेठ (रासस) ।

लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरू बढी आकर्षित हुन्छन् । राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरङ्कुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरूमा प्रारम्भिका दिनहरूमा एकछत्र शासन गरेको अवस्था थियो । तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरू क्रमशः प्राप्त गर्दै गएको अवस्था हो ।

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ । जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ । सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन् । गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ । आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ । एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरूले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन् । गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ । शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो । त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन् । यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ ।

वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो । सबै नागरिकहरूलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ । यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ । शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ । लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो । वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ । सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरुपमा गर्न सक्दछन् । शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ । राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ । सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ । नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ । आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन् ।

नेपालमा लामो लोकतान्त्रिक सङ्घर्षपश्चात् २०६५ जेठ१५ गते गणतन्त्र प्राप्त भएको हो । यस दिनलाई हर्षोल्लासका साथ राष्ट्रिय पर्वकै रूपमा मनाइन्छ । नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धेरै लामो समयदेखि नेपाली नागरिकहरू सङ्घर्षशील रहेका हुन् । लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धेरै सपुतहरूले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन् । यो राजनीतिक उपलब्धि प्राप्त गर्नका लागि नागरिक समाज, राजनीतिक दलहरू हुँदै सचेत नेपाली नागरिकहरूको ऐक्यवद्धताले निरन्तरता दिँदा सम्भव बनाएको हो । नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ । राजनीतिक दलहरूको एक दलले सन् १९८६ देखि २००६ सम्म देशमा ठूलो द्वन्द्व र आतङ्कको अवस्था सिर्जना गरेको यथार्थता हामीहरूको स्मरणमा छ ।

जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै एउटा महत्वपूर्ण गन्तव्यका रुपमा देशलाई लोकतान्त्रिक गणतन्त्रमा परिणत गर्ने दृढता त्यसबखतका द्वन्द्वरत पक्षहरूमा देखिएको थियो । नेपालको २४० वर्ष पुरानो निरंकुश राजतन्त्रात्मक शासन प्रणालीलाई परिवर्तन गरेर गरिबीको अवस्था र अन्यायपूर्ण शासन प्रणालीबाट उन्मुक्ति खोज्ने निरन्तर प्रयास नेपाली नागरिकहरूले गरेका हुन् । राजतन्त्रात्मक शासन प्रणालीलाई विश्वमै क्रमशः अस्वीकार्य शासनका रुपमा लिँदै गरेको पाउँदाका कारण पनि नेपाली नागरिकहरू संघर्षरत रहेका हुन् । यिनै प्रयासहरूको परिणाम नेपालीहरूले २०६५ सालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली प्राप्त गरेका हुन् ।

**गणतन्त्रको उपादेयता**

नेपाली नागरिकहरू २४० वर्षसम्मको निर्वाध रुपमा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न नपाएको तिक्तता र आक्रोशका कारण गणतन्त्रप्रति आकर्षित हुँदैगएका थिए । राजतन्त्रात्मक शासन प्रणालीका शासकहरूका विरुद्ध आन्दोलन गर्न सक्ने हैसियतमा नागरिकहरू प्रारम्भका समयमा थिएनन् । विश्व परिवेशमा आएको परिवर्तनका कारण नेपालीहरू पनि सचेत हुँदै गएका हुन् । गणतन्त्र प्राप्त भएपश्चात् जनताले आमनिर्वाचनबाट आफ्ना प्रतिनिधिहरू निर्वाचित गरी लोकतान्त्रिक शासनमार्फत शासित हुने सौभाग्य प्राप्त गरेका छन् । यो स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्न पाएकै कारण गणतन्त्रको उपादेयता देखिएको हो । देशका दूरदराजदेखि उन्नत सहरी क्षेत्रमा बसोबास गरी आएका सम्पूर्ण नागरिकमा विविधताका बीच लोकतान्त्रिक अधिकारको सदुपयोग गर्दै राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा एकताबद्ध हुने वातावरण गणतन्त्रले बनाइदिएको हो ।

खासगरी नेपाली युवाहरूमा राजनीतिक चेतना र जागरण ल्याउन यस प्रणालीबाट सम्भव हुन्छ । प्रतिवर्ष मनाइने गणतन्त्र दिवसले यसका लागि उपयुक्त मञ्च तयार पारिदिन्छ । विशेषगरी युवाहरूले राजनीतिक चिन्तन, मनन एवं विश्लेषण गर्ने गराउने अवसर प्राप्त गर्दछन् । राजनीतिक इतिहास, लोकतान्त्रिक शासन प्रक्रिया, नागरिकहरूको राष्ट्रप्रतिको कर्तव्य जस्ता महत्वपूर्ण विषयहरूमा सुसुचित हुने अवसर यस्ता राष्ट्रिय पर्वबाट युवाहरूले प्राप्त गर्दछन् । अग्रजहरूले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि गरेका सङ्घर्ष र योगदानको बारेमा जानकारी प्राप्त गर्दछन् । लोकतान्त्रिक गणतन्त्रको उपादेयता र महत्वको बारेमा सुसुचित हुने अवस्था बन्दछ । मताधिकारको प्रयोग गर्दै निर्वाचित प्रतिनिधिहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउने प्रण गर्ने दिनका रुपमा गणतन्त्र दिवसलाई लिइन्छ । संविधानमा रहेका लोकतान्त्रिक प्रावधानहरूको व्यवहारमा उपयोग गर्नका लागि आफ्ना प्रतिनिधिहरूलाई निर्देशित गर्ने हैसियत नागरिकहरूले प्राप्त गर्दछन् । जनप्रतिनिधिहरू समेत आफ्ना मतदाताहरूबाट प्राप्त मार्गदर्शन र निर्देशनका आधारमा लोकतान्त्रिक प्रणालीलाई आत्मसाथ गर्दै अघि बढ्ने प्रक्रियामा अभ्यस्त हुन्छन् । न्याय र स्वच्छ व्यवहारको प्राप्ति गणतान्त्रिक लोकतन्त्रमै हुन्छ । नागरिकहरूले सम्मान पाउने व्यवस्था पनि यही हो । भयरहित वातावरणमा जीवन निर्वाह गर्न लोकतान्त्रिक सिद्धान्त मूल्य र मान्यतामा अडिग रहन यस प्रणालीले मार्गप्रशस्त गर्दछ ।

गणतन्त्रात्मक लोकतान्त्रिक शासन प्रणाली सर्वोत्कृष्ट लोकतान्त्रिक प्रणाली भएकाले नेपालमा गणतन्त्र प्राप्ति भएकोमा विश्वका प्रायः सबै लोकतान्त्रिक देशहरूले नेपालको यस उपलब्धिलाई समर्थन गरेका छन् । नेपाली जनताको इच्छा र आकांक्षाका कारण नेपालमा गणतन्त्र प्राप्त भएकाले यस्तो शासन प्रणाली स्थापना भएको अवसरलाई संयुक्त राष्ट्रसङ्घले समर्थन र स्वागत गरेको छ । विश्वभर नै आफ्नो पहिचान लोकतान्त्रिक गणतन्त्रात्मक देशका नाताले बनाउन सफल भएकै कारण अन्तरराष्ट्रियस्तरमा नेपालको स्वीकार्यता बढ्दै गएको छ । दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरू समेतमा विस्तार हुँदै आएको छ । यो गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणाली कै कारण सम्भव भएको हो ।

**गणतन्त्रमा निजामती सेवाः**

गणतान्त्रिक व्यवस्थामा जनता सदैव शासन सत्ताको केन्द्रमा रहन्छन् । जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकहरूको पूर्ण सम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ । यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रुपमा अस्तित्वमा रहेको हुन्छ । यस महत्वपूर्ण संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्दा मात्र जनता समक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्न सक्दछ । सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ । राष्ट्रसेवक निजामती कर्मचारीहरूले प्राप्त गर्ने अधिकारहरू लगायतका सुरक्षाको व्यवस्था गर्न गणतान्त्रिक सरकारसक्षम हुनुपर्दछ । यस परिस्थितिमा मात्र निजामती सेवाबाट अपेक्षित उपलब्धिहरू प्राप्त हुन सक्छन् ।

निजामती सेवाका राष्ट्रसेवकहरूबाट नागरिकहरूले सरल तरिकाले पारदर्शिताका आधारमा गुणस्तरीय प्रभावकारी सेवा उपलब्ध हुनुपर्ने अपेक्षा गरिराखेका हुन्छन् । यस प्रकारको व्यवस्थामा जनता नै वास्तवमा मालिक हुने भएकाले निजामती संयन्त्र सेवाग्राही जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्दछ । कानुनी शासनका आधारमा प्रशासन सञ्चालन हुनुपर्दछ । भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नमा निजामती संयन्त्र प्रभावकारी सिद्ध हुनुपर्छ । यस प्रकारको प्रभाव नागरिकहरूमा पर्दा मात्र राज्यप्रति आम नागरिकहरूले विश्वास प्रकट गर्दै स्वामित्व ग्रहण गर्दछन् । विकास र समृद्धिका संवाहकहरू पनि निजामती कर्मचारीहरू बन्न सक्नु पर्दछ । नीति निर्माताहरूलाई यस सेवाका नेतृत्व तहमा रहनेहरूले आफ्नो क्षमता र योग्यताको आधारमा इमान्दारितापूर्वक सहयोग गर्नु पर्दछ । सरकारका नीति योजना तथा कार्यक्रमहरू तर्जुमाको अवस्थामा विशेषज्ञको रुपमा सहयोग पुऱ्याई कार्यान्वयन चरणमा प्रत्यक्ष संलग्नता यस्ता संयन्त्रबाट राज्यले अपेक्षा गरिराखेको हुन्छ ।

देशका सबै प्रकारका जात, जाति, वर्ग, भाषा, क्षेत्र, समुदायको राज्यका क्रियाकलापहरूमा समान र अर्थपूर्ण सहभागिता प्रदर्शन गराउन संयन्त्र सफल हुनुपर्दछ । सामाजिक न्याय र समावेशताको गन्तव्य प्राप्तगर्न क्रियाशीलता दिन सक्नुपर्दछ । संविधान लगायतका देशका कानुनहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्दै नागरिक अधिकारको संरक्षण व्यवहारिक रुपमा नै गर्न इमान्दारितापूर्वक कार्य सम्पादन हुनु पर्दछ । नागरिकहरूको सहभागिताको गुणस्तरीय र अर्थपूर्ण प्रवर्द्धनको वातावरण तयार हुनु अत्यावश्यक मानिन्छ । नागरिकहरूका बीचको सद्भाव कायम गर्दै राष्ट्रिय एकताका पक्षमा सकारात्मक परिणामका

बाँकी तीन पृष्ठमा

# नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानमा विद्यावारिधि तह पनि को पठनपाठन थालनी

काठमाडौँ, १२ जेठ ।

नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान भण्डारखालमा विद्यावारिधि तह डिएम/एम सिएचतर्फ तीन विधामा विद्यावारिधि तहको पठनपाठन थालनी भएको छ । ती विधामा डिएम कार्डियोलोजी, डिएम क्रिटिकल केयर तथा एम सिएच युरोलोजी विषय छन् ।

संस्थानका कार्यकारी निर्देशक उपरथी प्रा डा देवेन्द्रबहादुर खत्रीले भन्नुभयो, "विद्यावाधि तह डिएम/एम सिएचतर्फ डिएम कार्डियोलोजी, डिएम क्रिटिकल केयर  तथा एमसिएस युरोलोजी विषयमा पठनपाठन गर्न स्वीकृति प्राप्त भएको छ । पठनपाठन पनि थालनी भइसकेको छ ।"

संस्थानअन्तर्गत हाल स्नातक तहमा पाँच कार्यक्रम ( एमबिबिएस, बिपिएच, विएस्सी एमएलटी, बिएनएस विएस्सी तथा नर्सिङ कार्यक्रा सञ्चालित छन् भने स्नातकोत्तर तह एमडी/एमएसतर्फ १८ विषय तथा एएनतर्फ विभिन्न पाँच विषयको पठनपाठन हुँदै आएको छ ।

हाल स्नातक विषयमा एक हजार २१५ र स्नातकोत्तर तहअन्तर्गत विभिन्न विधामा २६५ विद्यार्थी अध्ययनरत छन् । ती स्नातक विषयमा एक हजार ५९२ विद्यार्थी दीक्षित भएका छन् । कार्यकारी निर्देशक उपरथी प्रा डा खत्रीका अनुसार स्वास्थ्य विज्ञान संस्थानमा स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका शैक्षिक कार्यक्रमको सञ्चालन गरिएसँगै संस्थानद्वारा सञ्चालित शिक्षण अस्पताल वीरेन्द्र अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवासहित समग्र स्वास्थ्य सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आएको छ ।

**लाइसेसिङ परीक्षामा शतप्रतिशत उत्तीर्ण**

नेपाल मेडिकल काउन्सिलद्वारा विसं २०८२ सञ्चालन भएको 'लाइसेसिङ' परीक्षामा संस्थानका 'एमबिबिएस'तहका ९६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

यसैगरी नेपाल हेल्थ प्रोफेशनल काउन्सिलबाट लिइएको 'लाइसेसिङ' परीक्षामा बिपिएच तथा एमएलटी कार्यक्रमका र नेपाल नर्सिङ काउन्सिलद्वारा सञ्चालित 'लाइसेसिङ' परीक्षामा शतप्रतिशत  विद्यार्थी उत्तीर्णसफल भएका थिए ।

यो उत्तीर्ण हुनेमा संस्थान पहिलो भएको जनाइएको छ । चिकित्सा शास्त्र अध्ययन संस्थानका डीन प्रा डा मोहनराज शर्माले भन्नुभयो, "स्थापनाको छोटो अवधिमा गुणस्तरीय चिकित्सा शिक्षा क्षेत्रमा संस्थानले ऐतिहासिक सफलता हात लागेको हो । चिकित्सा शिक्षाको जनशक्ति, अनुसन्धानसहित स्वास्थ्य सेवा प्रवाहमा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान भण्डारखालले छोटो समयमा  अब्बल प्रगति हासिल गरेको छ ।"

स्वास्थ्य विज्ञान क्षेत्रमा दक्ष, अनुशासित व्यावसायिक जनशक्ति उत्पादन, गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गर्न, अनुसन्धान तथा नवीनत ज्ञानको प्रवर्द्धन गर्न, नेपाली सेनासहित समग्र राष्ट्रको स्वास्थ्य सेवाको गुणात्मक क्षमता अभिवृद्धि गर्ने ध्येयले तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरुङका पहलमा विसं २०६७ भदौ ३० गते स्वास्थ्य विज्ञान संस्थानको स्थापना भएको थियो ।

**स्नातक तथा स्नातकोत्तर तहमा विषय थप हुँदै**

संस्थानले आगामी शैक्षिक सत्रदेखि स्नातक तहमा ब्याचलर इन फिजियोथेरापी, ब्याचलर इन फार्मेसी कार्यक्रम थप गर्ने तयारी गरेको छ । संस्थानका कार्यकारी निर्देशक उपरथी प्रा डा खत्रीले भन्नुभयो, "संस्थानको शैक्षिक दायरालाई समयानुकूल विस्तार गर्ने योजना रहेको छ । संस्थानले आगामी शैक्षिक सत्रदेखि स्नातक तहमा ब्याचलर इन फिजियोथेरापी, ब्याचलर इन फार्मेसी कार्यक्रम थप गर्ने तयारी गरेको छ । आवश्यक गृहकार्य सकेर  सम्बन्धित निकायमा स्वीकृतिका लागि पेस गरेका छौँ ।  स्नातक कार्यक्रम ब्याचलर इन डेन्टल सर्जरी, ब्याचलर इन ओप्टोमेट्री तथा स्नातकोत्तर तहका कार्यक्रम एमडी इमरजेन्सी मेडिसियन, एमएस्सी एमएलटी बायोकेमेट्री, एमएस्सी एमएलटी माइक्रोबायोलोजी तथा फेलेशीप इन अन्कोइमेजिङलगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल तथा समन्वय भइराखेको छ । यसका लगि आवश्यक पूर्वाधार तयारी तीव्र छ ।"

**अब्बल अनुसन्धान**

सस्थानले शैक्षिक कार्यक्रम साथसाथमा सस्थानमा खोज तथा अनुसन्धानलाई साथसाथमा प्रभावकारी रुपमा निरन्तर जारी राखेको छ । गत वर्ष सङ्कायका सदस्य तथा स्नातक एवं स्नातकोत्तर तहका विद्यार्थीबाट २९२ वटा अनुसन्धान प्रस्ताव भएकामा २१५ प्रस्ताव स्वीकृत भएका उहाँले जानकारी दिनुभयो । निर्देशक उपरथी प्रा डा खत्रीले भन्नुभयो, "सस्थानमा अनुसन्धानमूलक शैक्षिक वातावरण क्रमशः सुदृढ हुँदै गएको छ । शैक्षिक कार्यक्रमहरूलाई  व्यवहारिक, समुदायमुखी तथा परिणाममुखी बनाउन सस्थानले पाठ्यक्रमअनुसार प्राज्ञिक तथा समुदायमा आधारित स्थलगत अध्ययनलाई उच्च प्राथमिता दिएको छ ।"

हाल सस्थानमा ३८ प्राध्यापक, ६८ सह प्राध्यापक,१४२ उप प्राध्यापक सेवारत रहेका छन् । सस्थानबाट प्रकाशित मेडिकल जर्नलले अन्तराष्ट्रिय तहमा उच्च स्थानका साथ मान्यता पाएको छ । साथै नेपालबाट प्रकाशित हुने १० मेडिकल जर्नलभित्र पर्न सफल भएको उहाँले जानकारी दिनुभयो । निर्देशक उपरथी प्रा डा खत्रीले भन्नुभयो, "संस्थानको अनुसन्धान, शैक्षिक गुणस्तर तथा प्राज्ञिक योगदानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा स्थापित गर्न महत्वपूर्ण योगदान पुगेको छ ।"

नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, चिकित्साशास्त्र महाविद्यालयका प्राचार्य सहायक रथी प्रा डा रत्ना अधिकारीले त्रिविवि चिकित्सा अध्ययन सस्थानको नीतिभित्र रहेर सस्थानले पठनपाठन तथा अध्ययन अनुसन्धान गरिराखेको बताउनुभयो ।

---

## *गणतन्त्रात्मक...*

लागि निजामती कर्मचारीहरूको इमान्दार प्रयास हुनुपर्दछ । यस परिस्थितिमा मात्र गणतान्त्रिक व्यवस्थाको प्रवर्द्धनको महसुस आम नागरिकहरूले गर्न सक्छन् ।

निजामती कर्मचारी संयन्त्रलाई सरकारले उनीहरूको मनोबल उच्च बनाई सक्षमताको विकास गर्नुपर्दछ । यसका लागि राष्ट्रसेवक कर्मचारीहरूले राज्यबाट प्राप्त गर्ने अधिकारहरू लोकतान्त्रिक गणतन्त्रले सबै प्रकारका संवैधानिक कानुनी तथा पेसागत अधिकारहरू प्रदान गरी पूर्णरुपमा सुरक्षा प्रदान गर्नु पर्दछ । यी अधिकारहरूमा योग्यताका आधारमा सबै नेपालीहरूलाई निजामती सेवामा प्रवेशगर्ने समान अवसर प्राप्तगर्ने प्रावधान र इमान्दारिताका  साथ व्यवहारमा परिणत गरिदिनुपर्दछ । कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन । संरचनामा सेवाको सुरक्षाको प्रत्याभूति गरिँदा राजनीतिक उथलपुथलको परिणामका कारण उनीहरूको सेवा सम्बन्धी सुरक्षामा  कुनै पनि प्रकारको चुनौतीको अवस्था बन्न दिनुहुँदैन । वृत्ति विकासका लागि न्यायोचित निष्पक्ष अवसर प्रदान गर्नु जरुरी हुन्छ । यसबाट सुयोग्य र दक्ष जनशक्तिको विकास सम्भव हुन्छ । पेसागत हकहितका प्रवर्द्धन गर्नका लागि सरकार सदैव तत्पर रहनुपर्दछ । तर यो अधिकारका नाममा दलीय प्रभाव निजामती सेवामा ग्राह्य हुँदैन । कार्य वातावरणको सुरक्षा प्रदान गरी सम्मानपूर्वक आफ्ना कर्तव्यप्रति गम्भीर बन्न संयन्त्रलाई मार्गप्रशस्त हुनु पर्दछ, गर्नुपर्दछ । पेसाप्रतिको मर्यादा कर्तव्यपालनका सन्दर्भमा गरिने न्यायोचित व्यवस्थाका साथै यही प्रकारका नागरिकहरूका हक अधिकारहरूले निजामती संयन्त्र सुसज्जित हुँदा मात्र यो संयन्त्रले उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्न सक्दछ । निजामती राष्ट्रसेवकका अधिकारहरू र उनीहरूले सम्पादन गर्ने कर्तव्यहरूका आधारमा सौहार्दपूर्ण अवस्था निर्माण गर्नसक्ने सक्षम निजामती संयन्त्रले गतिशीलता प्रदान गर्दै लोकतान्त्रिक गणतन्त्रप्रति आस्था राख्ने नागरिकहरूको वृद्धि हुँदा र गणतन्त्रलाई सम्मानित र स्वीकार्य बनाउन यो संयन्त्रले कोशेढुङ्गाका रुपमा भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली भएका देशहरूमध्ये कार्यकारणी अधिकारसहितको राष्ट्रपति र कार्यकारणी अधिकार प्रधानमन्त्रीमा रही आलङ्कारिक वा संवैधानिक राष्ट्रपति भएका देशहरूमध्ये कुन कुन देशमा यो गणतान्त्रिक प्रणाली बढी सफलभएको देखिन्छ ? यसको अध्ययन र विश्लेषण गर्दा स्वतन्त्र निर्वाचन, कानुनी शासन, प्रेस स्वतन्त्रता, भ्रष्टाचारको स्तर, नागरिक अधिकार, सत्ता हस्तान्तरणको स्थायित्व आदिलाई सूचकका रुपमा लिई अनुसन्धानहरू गरिएका छन् । यी सूचकहरूका आधारमा अध्ययन अनुसन्धान गर्ने 'इकनमिक इन्टिलीजेन्स युनिट', 'डेमोक्रेटिक इन्डेक्स', 'फ्रिडम हाउस', 'ट्रान्सपरेन्सी इन्टरनेसनल' आदिको नाम अग्रपंक्तिमा आउँछन् । यी संस्थाहरूको अध्ययनको निष्कर्षको विश्लेषण गर्दा अर्ध राष्ट्रपतीय प्रणाली अवलम्बन गरेको देश फिनल्यान्ड सफल देखिएको छ । प्रत्यक्ष रूपमा नै सङ्घीय लोकतान्त्रिक शासन प्रणाली भएको देश स्विजरल्याण्ड पनि सफल छ । संसदीय गणतन्त्र भएका देशहरू जर्मनी, आयरल्याण्ड र अस्ट्रियाले पनि सुशासन प्रदान गर्न सफल भूमिका निर्वाह गरिराखेका छन् ।

कार्यकारी राष्ट्रपति भएको देश संयुक्त राज्य अमेरिकाले विश्वमै लोकतान्त्रिक शासन प्रणालीको नेतृत्वदायी भूमिका निर्वाह गरिराखेको छ । दक्षिण कोरियाले पनि राष्ट्रपतीय प्रणाली अवलम्बन गर्दै पाँच दशकको अवधिमा आफ्नो आर्थिक तरक्की अत्यन्त द्रुतगतिमा गरी जापानसँग प्रतिस्पर्धा गरिराखेको छ ।

संसदीय प्रणाली अवलम्बन गरिएका देशहरूमा लोकतन्त्रको स्थायित्व अत्याधिक भएको पाइन्छ । अधिकांश गणतन्त्र भएका देशहरूले राष्ट्रपतिलाई आलङ्कारिक बनाई नागरिकप्रति प्रत्यक्ष रुपमा जवाफदेहीता प्रदान गर्ने प्रधानमन्त्रीको व्यवस्था गरेका छन् । नेपालको व्यवस्था पनि संसदीय गणतन्त्रात्मक नै हो । यो प्रणाली सबैभन्दा बढीसफल विश्व परिवेशमा देखिँदै गएको छ ।

**निष्कर्ष:**

लामो सङ्घर्ष, जनआन्दोलन र बलिदानपछि नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन् । यसले नेपाली जनतालाई सार्वभौम सत्ताको वास्तविक अनुभूति गराएको छ । यद्यपि गणतन्त्रको सफलताको लागि केवल व्यवस्था परिवर्तन मात्र पर्याप्त हुँदैन । राजनीतिक स्थिरता सुशासन कानुनी शासन र नागरिक सचेतना पनि उत्तिकै आवश्यक हुन्छ । गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक दल नागरिक समाज र आमजनताले समान रुपमा जिम्मेवारी निर्वाह गर्नुपर्दछ ।

अन्त्यमा लोकतन्त्रको स्थायित्व समावेशीता र प्रभावकारिताका लागि गणतन्त्र अत्यावश्यक छ । गणतन्त्रले जनतालाई शासनको केन्द्रमा राख्दै समानता स्वतन्त्रता र न्यायको सुनिश्चितता गर्दछ । यसले लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणामा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्ने आधार प्रदान गर्दछ । लोकतन्त्रलाई सुधिर समृद्ध र जनमुखी बनाउन गणतन्त्रको संरक्षण र सशक्तीकरण नेपालको सन्दर्भमा पनि अपरिहार्य भएको छ । (लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)

---

# विश्व समाचार

## पाकिस्तानद्वारा ट्रम्पको प्रस्ताव अस्वीकार

इस्लामाबाद, १२ जेठ (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको सम्भावित सम्झौतासँग जोडेर पाकिस्तानसहित मुस्लिम तथा अरब मुलुकहरूलाई अब्राहम सम्झौतामा सहभागी हुन आह्वान गर्नुभएको केही घण्टामै पाकिस्तानले यस्तो प्रस्ताव आफ्नो 'मौलिक विचारधारा' सँग मेल नखाने भन्दै अस्वीकार गरेको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा मुहम्मद आसिफले इस्लामाबादले आफ्नो आधारभूत राष्ट्रिय दृष्टिकोणसँग बाझिने कुनै पनि सम्झौतालाई समर्थन नगर्ने स्पष्ट पार्नुभयो । पाकिस्तानी सञ्चारमाध्यम समा टिभीसँगको अन्तर्वार्तामा उहाँलाई अमेरिकी दबाब र कूटनीतिक सङ्केतपछि पाकिस्तान अब्राहम सम्झौतामा हस्ताक्षर गर्ने सम्भावनाबारे प्रश्न गरिएको थियो । जवाफमा आसिफले आफ्नो व्यक्तिगत तथा राजनीतिक धारणा प्रस्ट पार्दै पाकिस्तानले आफ्नो वैचारिक आधारसँग टकराव हुने कुनै पनि व्यवस्थामा सहभागी हुन नहुने बताउनुभयो । इजरायलसँग सम्बन्ध विस्तारको विश्वसनीयतामाथि प्रश्न उठाउँदै उहाँले ती पक्षसँग दीर्घकालीन भरोसाको आधार निर्माण गर्न कठिन हुने तर्क गर्नुभयो । उहाँले 'जसको शब्दलाई एक दिन पनि विश्वास गर्न नसकिने पक्षसँग कसरी सहकार्य सम्भव हुन्छ ?' भन्ने प्रश्नसमेत गर्नुभयो ।

पाकिस्तानको दीर्घकालीन नीति दोहोर्‍याउँदै आसिफले इजरायलसँग सम्बन्ध सामान्यीकरणसम्बन्धी अवधारणा आफ्नो देशलाई स्वीकार्य नभएको स्पष्ट गर्नुभयो । उहाँले यस विषयमा पाकिस्तानको आधिकारिक र ऐतिहासिक धारणा परिवर्तन नभएको सङ्केत गर्नुभयो । रक्षामन्त्री आसिफले पाकिस्तानको पासपोर्ट नीतिलाई पनि आफ्नो तर्कको आधार बनाउनुभयो । उहाँका अनुसार पाकिस्तानको पासपोर्टमै इजरायललाई मान्यता नदिने राष्ट्रिय नीति झल्किन्छ । उहाँले पाकिस्तानको पासपोर्टमा इजरायलको नामसमेत उल्लेख नगरिएको उल्लेख गर्दै यसले इस्लामाबादको संस्थागत नीति र दीर्घकालीन दृष्टिकोण स्पष्ट रूपमा प्रतिबिम्बित गर्ने बताउनुभयो । यसअघि सोमबार स्थानीय समयअनुसार अमेरिकी राष्ट्रपति ट्रम्पले तेहरानसँगको सम्भावित सहमतिलाई मध्यपूर्वको व्यापक राजनीतिक पुनर्संरचनासँग जोड्दै धेरै मुस्लिम र अरब राष्ट्रहरूलाई अब्राहम सम्झौतामा सामेल हुन आग्रह गर्नुभएको थियो । उहाँले इरानसँगको वार्ता 'राम्रोसँग अघि बढिरहेको' उल्लेख गर्दै क्षेत्रीय तहमा नयाँ कूटनीतिक ढाँचा निर्माणको सङ्केत गर्नुभएको थियो । ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा सार्वजनिक गर्नुभएको लामो सन्देशमा प्रस्तावित व्यवस्थालाई मध्यपूर्वका लागि 'ऐतिहासिक घटना' बन्न सक्ने दाबी गर्नुभएको छ । उहाँले साउदी अरेबिया, कतार, पाकिस्तान, टर्की, इजिप्ट, जोर्डन र बहराइनलगायत मुलुकहरूलाई सामूहिक रूपमा अब्राहम सम्झौतामा हस्ताक्षर गर्न आह्वान गर्नुभएको थियो । उहाँले इरानसँगको संवाद सकारात्मक दिशामा अघि बढिरहेको दाबी गर्दै सबै पक्षलाई समेट्ने ठूलो सहमतिमा पुग्ने अवस्था रहने, सहमति नभए सम्झौता नै नहुने चेतावनी दिनुभएको थियो । ट्रम्पका अनुसार कूटनीतिक प्रयास असफल भए क्षेत्र फेरि युद्ध र सैन्य भिडन्ततर्फ फर्किन सक्ने जोखिम रहनेछ र त्यो अवस्था पहिलेभन्दा अझ व्यापक तथा शक्तिशाली हुन सक्नेछ । ट्रम्पले इरानसँग सहमति सम्पन्न भएपछि साउदी अरेबिया र कतार तुरुन्तै अब्राहम सम्झौतामा सहभागी हुनुपर्ने धारणा राख्नुभएको छ । उहाँले अन्य देशहरूले पनि त्यसपछि सोही बाटो पछ्याउने अपेक्षा व्यक्त गर्नुभएको थियो । अझै अगाडि बढ्दै उहाँले अमेरिकासँगको वार्ता सफल भए भविष्यमा इरान स्वयं पनि यही ढाँचाको हिस्सा बन्न सक्ने सम्भावना औंल्याउनुभयो । ट्रम्पका अनुसार अब्राहम सम्झौताले यसका सदस्य राष्ट्रहरूलाई आर्थिक, वित्तीय तथा सामाजिक लाभ दिएको छ । उहाँले संयुक्त अरब इमिरेट्स, बहराइन, मोरक्को, सुडान र कजाकिस्तानलाई यसको उदाहरणका रूपमा उल्लेख गर्नुभयो । उहाँले यी सम्झौताले मध्यपूर्वमा शक्ति सन्तुलन, स्थायित्व र शान्तिको नयाँ आधार निर्माण गर्न सक्ने दाबी पनि गर्नुभयो । आफ्नो सन्देशमा ट्रम्पले विभिन्न क्षेत्रीय नेताहरूसँग भएको संवादको पनि उल्लेख गर्नुभएको छ । उहाँका अनुसार साउदी अरबका युवराज मोहम्मद बिन सलमान, संयुक्त अरब इमिरेट्सका राष्ट्रपति मोहम्मद बिन जायद अल नाह्यान, कतारका अमिर शेख तमीम बिन हमद अल थानी, पाकिस्तानी सेना प्रमुख असीम मुनीर, टर्कीका राष्ट्रपति रेसेप तयि्यप एर्दोगन, इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसी, जोर्डनका राजा अब्दुल्लाह द्वितीय तथा बहराइनका राजा हमद बिन इसा अल खलिफासँग यस विषयमा छलफल भएको थियो ।

## उत्तर कोरियाद्वारा क्षेप्यास्त्र परीक्षण

सियोल, १२ जेठ (रासस/एपी) ।

उत्तर कोरियाले मङ्गलबार आफ्नो पश्चिमी तटबाट अज्ञात क्षेप्यास्त्र समुद्रतर्फ प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ । यो पछिल्लो गतिविधिलाई उत्तर कोरियाको निरन्तर जारी हतियार परीक्षण श्रृङ्खलाको अर्को कदमका रूपमा हेरिएको छ । दक्षिण कोरियाको ज्वाइन्ट चिफ्स अफ स्टाफले जारी गरेको संक्षिप्त सूचनामा प्रक्षेपणको विस्तृत विवरण भने दिइएको छैन । प्रक्षेपणको प्रकार, दूरी वा क्षमताबारे तत्काल कुनै प्राविधिक जानकारी सार्वजनिक नगरिएको जनाइएको छ । यसअघि अप्रिल १९ मा उत्तर कोरियाले गरेको मिसाइल परीक्षणपछि यो नयाँ प्रक्षेपण भएको हो । त्यस बेला उत्तर कोरियाले धेरै छोटो दूरीका क्षेप्यास्त्र प्रहार गरेको थियो, जसलाई राज्य सञ्चारमाध्यमले क्लस्टर बम वारहेड प्रदर्शनको रूपमा वर्णन गरेको थियो । उत्तर कोरियाली नेता किम जोङ उन सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता असफल भएपछि देशको आणविक तथा क्षेप्यास्त्र क्षमताको विस्तारमा केन्द्रित रहनुभएको छ । राष्ट्रपति ट्रम्पले भने किमसँग पुनः वार्ता गर्न इच्छुकता व्यक्त गर्नुभएको भए पनि प्योङयाङले अमेरिकी प्रस्तावलाई बेवास्ता गर्दै आएको छ र वार्ताका लागि उत्तर कोरियाको आणविक निःशस्त्रीकरणको सर्त त्याग्न आग्रह गर्दै आएको छ । यसबीच किमले दक्षिण कोरियाप्रति अझ कडा नीति अपनाउनुभएको छ । उहाँले दक्षिण कोरियालाई आफ्नो देशको 'स्थायी र सबैभन्दा शत्रुतापूर्ण शत्रु' का रूपमा चित्रण गर्नुभएको छ । यसले कूटनीतिक सम्बन्ध थप जटिल बनेको सङ्केत गरेको छ । तनाव र संवाद ठप्प रहेको पृष्ठभूमिमा उत्तर कोरियाको आणविक महत्त्वाकांक्षालाई लिएर क्षेत्रीय अस्थिरता बढ्दै गएको विश्लेषण गरिएको छ । यता दक्षिण कोरियामा पनि रक्षा नीति र सैन्य आधुनिकीकरणबारे छलफल तीव्र भएको देखिन्छ । उत्तर कोरियाको पछिल्लो प्रक्षेपण दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले मन्त्रिपरिषद् बैठकमा देशको रक्षा क्षमतालाई मजबुत बनाउन आह्वान गरेको केही घण्टापछि भएको हो । उहाँले कृत्रिम बौद्धिकता (एआई), ड्रोन प्रविधि तथा आणविक-सञ्चालित पनडुब्बीको सम्भावित विकासमा जोड दिनुभएको छ, जुन विषय संयुक्त राज्य अमेरिकासँगको कूटनीतिक छलफलमा पनि समावेश भएको बताइएको छ ।

# रुखको हाँगा ट्याक्टरमा खस्दा एक जनाको मृत्यु

**दैनिक समाचारदाता**
**बारा, १२ जेठ ।**

बाराको निजगढमा सोमबार साँझ आएको हुरीले रुखको हाँगा ट्याक्टरमा खस्दा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा निजगढ नगरपालिका-४ का ५५ वर्षीय देवबहादुर अर्याल रहेका छन्। भीषण हुरी चलिरहेका बेला सिँगौलबाट निजगढतर्फ आउँदै गरेको ना७त ५१५० नम्बरको ट्याक्टरमाथि रुखको हाँगा भाँचिएर खसेको थियो। घटनामा अर्याल गम्भीर घाइते भएका थिए।

उनलाई तत्कालै निजगढस्थित सामुदायिक अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक जीवन लामिछानेले जानकारी दिनुभयो। घटनामा ट्याक्टरमै सवार नुवाकोट सूर्यगढी नगरपालिका-१ लज्याङ घर भई हाल निजगढ-५ बागदेव बस्ने ३२ वर्षीय कृष्ण घलान घाइते भएका छन्। ट्याक्टर चालक निजगढ नगरपालिका-४ पुरानो टोलका ५० बुद्धमान बल भने सकुशल रहेका प्रहरीले जनाएको छ।

# हुरीले घर भत्किँदा महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, १२ जेठ ।**

रौतहटमा सोमबार साँझ आएको हुरीले भत्केको घरले थिचिँदा एक महिलाको ज्यान गएको छ।

रौतहटको वृन्दावन नगरपालिका-७ धमौरोटोलका ३५ वर्षीया फूलकुमारी देवीको हुरीले भत्केको घरले थिचिँदा मृत्यु भएको हो।

फूलकुमारीको उपचारको क्रममा राति रौतहटको गरुडास्थित बेटर नेपाल अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी रोहितकुमार शर्मा बढईले जानकारी दिएका छन्।

हुरीले रायको घरको टायलको छानो र बासको बार भएको एकतले कच्ची घर भत्किँदा फूलकुमारीको मृत्यु भएको उनले जानकारी दिए।

# सभामुखसमक्ष पत्रकार महासंघको ध्यानाकर्षण

काठमाडौँ, १२ जेठ (रासस)।

नेपाल पत्रकार महासङ्घले प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालसँग भेट गरी ध्यानाकर्षण पत्र बुझाएको छ।

महासङ्घको प्रतिनिधिमण्डलले सोमबार सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा भेट गरी संविधानले संस्थागत गरेको प्रेस स्वतन्त्रता, विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई संविधान संशोधन, कानुन निर्माण तथा कानुन कार्यान्वयनका क्रममा कुनै पनि रूपमा हस्तक्षेप वा सङ्कुचन नगर्न सभामुखको ध्यानाकर्षण गराएको महासङ्घका अध्यक्ष निर्मला शर्माले जानकारी दिनुभयो।

सो अवसरमा सभामुख अर्यालले प्रेस स्वतन्त्रताप्रति आफू प्रतिबद्ध रहेको बताउनुभयो। प्रतिनिधिमण्डलले राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल र संसद्‌को विषयगत समिति शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति डा ओजस्वी शेरचनलाई समेत भेटेर ध्यानाकर्षण पत्र बुझाएको छ।

महासङ्घले भनेको छ, "नेपाल सरकारले संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन गरेको छ, संविधान संशोधन जस्तो दूरगामी महत्वको विषयमा संसद्‌भित्र रहेका सबै राजनीतिक दलहरूको व्यापक सहमतिका आधारमा उच्चस्तरीय संविधान संशोधन सुझाव कार्यदल गठन गर्नु उपयुक्त हुने महासङ्घको सुझाव छ।"

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक/समावेशीता, भौगोलिक अखण्डता, स्वाधीनता, जनतामा निहित सार्वभौम सत्ता तथा पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको व्यवस्थाको आधारमा पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई अझ सुदृढ बनाउँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउने गरी प्रेस स्वतन्त्रताको सुनिश्चितता हुनुपर्ने महासङ्घको भनाइ छ।

### *भरुवा बन्दुकसहित ...*

पक्राउ परेका घलानको खानतलासी गर्दा उनको साथबाट भरुवा बन्दुक १ थान, बन्दुकमा प्रयोग हुने फलामको रड १ थान, बारुद १७५ ग्राम, फलामको गोली ८० थान र फलामको रडका टुक्राहरू५ थान बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका घलानलाई 'हातहतियार खरखजाना सम्बन्धी कसुर'मा मुद्दा चलाउन सर्लाही जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको छ। फरार रहेका अन्य व्यक्तिहरूको खोजी कार्य जारी रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाले जानकारी दिएको छ।

### *भारोत्तोलनमा एकपछि ...*

कुल १ सय ४२ किलो भार उचालेर तीन वटा नयाँ राष्ट्रिय किर्तिमान कायम गरेको भारोत्तोलन संघका केन्द्रिय उपाध्यक्ष एवं निर्णायक मण्डलका सदस्य रुपेश तण्डुकारले जानकारी दिए।

यसअघि सोमबार नेपाल प्रहरीका हिरामोती थारुले ४८ किलो तौल समूहको महिलातर्फ क्लिन एण्ड जर्कमा ७० र स्न्याचमा ५४ गरि कुल १ सय २४ किलो तौल उचालेर नयाँ राष्ट्रिय किर्तिमान कायम गरेकी थिइन्।

भारोत्तोलन संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा तीन विभागिय टोली नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीका साथै ७ वटै प्रदेशका खेलाडीहरु सहभागि छन्। प्रतियोगिता जेठ १३ गते बुधबार सम्म चल्ने आयोजक भारोत्तोलन संघ सप्तरीले जनाएको छ।

# प्रधानमन्त्री शाह एक साताभित्र सदनमा उपस्थित हुनुहुन्छ : मुख्य सचेतक बुर्लाकोटी

काठमाडौँ, १२ जेठ (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्री वालेन्द्र शाह एक साताभित्र सदनमा उपस्थित हुने जानकारी गराउनुभएको छ। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सभामुखसँग समय लिएर मुख्य सचेतक बुर्लाकोटीले सो कुराको जानकारी गराउनुभयो।

तत्पश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले)को संसदीय दलका उपनेता पद्मा अर्यालले सभामुखले कार्यव्यवस्था परामर्श समितिमा भएको समझदारीअनुसार बैठकमा सत्तापक्षको प्रस्तुति नआएको उल्लेख गर्दै सदन सरकारको प्रशंसा गर्ने थलो बन्न सक्ने जिकिर गर्नुभयो।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद प्रमेश हमालले प्रधानमन्त्री संसद्मा उपस्थित हुने सम्बन्धमा सत्ता पक्षका मुख्य सचेतकले राख्नुभएको विषयमा सभामुखबाट रुलिङको माग गर्नुभयो। राप्रपाका सचेतक खुश्बु ओलीले कार्यव्यवस्था परामर्श समितिमा भएको समझदारीको पालना गर्न सत्ता पक्षलाई आग्रह गर्नुभयो।

श्रम संस्कृतिका सांसद धुवराज राईले संयमित भएर सदनमा प्रस्तुत हुन आग्रह गर्दै विपक्षीको आवाज सुन्न आग्रह गर्नुभयो। विपक्षी दलले संसद्मा प्रधानमन्त्री शाहको उपस्थिति र उठेका विषयमा जवाफ दिन माग गर्दै आइएका छन्।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज, सप्तरी

प.नं.०८२/०८३
च.नं. ११७०३

मितिः- २०८३।०२।८

**विषयः-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना ।**

२००४ सालमा नापी भएको जमावन्दी श्रेष्ता वमोजिम रैति नं.२६७ को रैति लेलहु गोप ग्वारको नाममा कायम रहेका सा
प्रगन्ना रायक्रमुना मौजे काचन र रैति नं.५५ को कारी यादवको नाउँमा तपसील वमोजिमको जग्गा लेलहु गोप र
गोपको नाममा ७ नं.फाँटबारीमा जि.स.पं.काचनको तपसिल वमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा सर्वे
भई तपसिल वमोजिमको जग्गा जिल्ला सप्तरी गा.वि.स.काचन वार्ड नं. ८ हाल परिवर्तित वोदेवरसाइन न.पा.वार्ड नं ८
स्व.लेलहु यादवको नाति स्व.मंगल यादवको छोरा धरम लाल यादवले छुट जग्गा दर्ता नामसारी गरी ज.ध.प्र.पूर्जा पाउँ
यस कार्यालयमा द. नं.१५२४१ मिति २०८२।१०।१२ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित
मिति २०८२।१०।२५ गतेमा आदेश भए वमोजिम यो ३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको
तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरु समेतको नाममा छुट जग्गा दर्ता
गर्नेको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित सूचना प्रकाशित म
मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआ
निवेदकहरु समेतको माग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन वमोजिम कार्यवाहि भै जाने छ।
सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ।

तपसील

| सा.कि.न. | गा.वि.स. | वार्ड न. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २३८६ | काचन | ७ | २१८/ ५०२ | ०-१२-१६ | ०-१२-१६ मध्ये उत्तर तर्फवाट ०-६-८ | स्व.लेलहु गोप र कारी गोपको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा सालमा लेलहु गोप र कारी गोपको नाउँमा कायम रहेको | फिल्डवुकको जग्गाधनी महलमा खाली किसानको महलमा र कैफियत महलमा ख रहेको। |


सूचना ! सूचना !! सूचना !!!

**इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।**

हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*